जन आदर्श बहुमुखी क्याम्पस

राप्ती नगरपालिका, चितवन

योजना तथा कार्यक्रम २०८०/०८१

अध्यक्ष महोदय, उपाध्यक्ष ज्यू तथा सञ्चालक समितिका सदस्यज्यूहरु,

जनआर्दश बहुमुखि क्याम्पसको यस गरिमामय सञ्चालक समिति वैठकमा क्याम्पसको वर्तमान अवस्थाको संछिप्त विवरण तथा आगामि आ. व. २०८०/०८१ मा अवलम्वन गर्नपर्ने महत्वपूर्ण निति कार्यक्रम र योजनाहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु र प्रस्तुत योजना तथा कार्यक्रमहरुमा परिमार्जन महशुस हुदा आवस्यक परिमार्जन सहित क्याम्पसको आगामि वर्षको योजना, कार्यक्रम तथा वजेट पास पारित गरी कार्यान्वयनमा लैजानुहुनेछ भन्ने अपेक्षा समेत गर्दछु ।

१. ऐतिहासिक पृष्ठभूमि

जन आदर्श बहुमुखी क्याम्पस २०५० सालमा सप्तगण्डकी क्याम्पसको विस्तारित कार्यक्रमको रुपमा शैक्षणिक गतिविधि सञ्चालित गर्ने गरी स्थापित एउटा सामुदायिक क्याम्पस हो । यो क्याम्पस नेपाली समाजलाई आवश्यक दक्ष जनशक्ति तयार गर्नका निम्ति गुणस्तरीय उच्च शिक्षा प्रदान गर्न, विभिन्न अनुसन्धानात्मक कार्यहरु सम्पन्न गर्न, स्थानीय परम्परा, संस्कृति एवम् प्रविधिहरुको संरक्षण र विकाय गर्न तथा शिक्षालाई प्राविधिक सिपमूलक जीवन उपयोगी बनाउन, यस क्षेत्रका समाजसेवी, बुद्धिजीवी, शिक्षाप्रेमी तथा तत्कालीन जन प्रतिनिधिहरुको पहल कदमीमा स्थापित सामुदायिक शैक्षिक संस्था हो ।

सर्वप्रथम क्याम्पस स्थापनाका लागि २ विघा जग्गा स्थायी भोगाधिकारको रुपमा प्रदान गर्ने श्री वीरन्द्र आदर्श माध्यमिक विद्यालयको अमूल्य योगदानप्रति यस जन आदर्श बहुमुखी क्याम्पस सदैव ऋणी छ, । । क्याम्पस स्थापना गर्ने जस्तो चुनौतीपूर्ण कार्य गर्दै गर्दा भोग्नु परेका समस्या समाधान तन मन र धनले सहयोग गर्ने तथा सुझाव र सल्लाहरु प्रदान गनुहने सम्पुर्ण व्यक्ति तथा सञ्थाहरुप्रति यो क्याम्पस आभार व्यक्त गर्दछ । .क्याम्पस स्थापना जस्तो चुनौतीपूर्ण कामलाई सम्पन्न गर्ने संस्थापक अध्यक्ष श्री गोविन्दप्रसाद कंडेल लगायत सञ्चालक सदस्यहरु, क्याम्पसका शुभचिन्तकहरु, शैक्षिक नेतृत्व तथा तत्कालिप्रदान प्राध्यापक, कर्मचारी, विद्यार्थी तथा अविभावकहरु प्रति विशेष आभार प्रकट गर्दछ ।

यस क्याम्पसले वि. सं. २०५३ सालमा त्रिभुवन विश्वविद्यालयवाट शिक्षा शास्त्र संकाय अन्तरगत स्नातक तहको को सम्बन्धन प्राप्तगरी पहिलो पटक आफ्नै शैक्षिक कार्यक्रम सञ्चालन गरेको थियो भने वि. सं. २०५९ सालमा व्यवस्थापन संकाय अन्तरगत स्नातक तहको सम्वन्धत प्राप्त गरेको थियो । स्नातक तहको शिक्षा शास्त्र संकायमा विषय थप गर्ने र तीन वर्षे वि.एड. कार्यक्रमलाई त्रि. वि. को योजना अनुरुपनै चारवर्षे कार्यक्रममा रुपान्तरण गर्ने कार्यलाई पनि क्याम्पसको महत्वपूर्ण शैक्षिक उपलव्धीको रुपमा लिनु पर्दछ । यस क्याम्पसले विं. सं. २०७१ सालमा व्यवस्थापन संकायमा स्नातकोत्तर तहको कार्यक्रम सम्वन्धन स्विकृति प्राप्तगरी शैक्षिक कार्यक्रम विस्तार गरेको पाईन्छ। सस्था सञ्चालनको यस दौरानमा क्याम्पसले स्मरण गर्न लायक विभिन्न शैक्षिक उपलव्धीहरु प्राप्त गरेको देखिन्छ । यसै अवधिमा शिक्षाशास्त्र संकाय तर्फका मेधावी छात्र श्री बालकृष्ण शर्माले २०५८ सालको स्नातक तहमा त्रि.वि. प्रथम स्थान हासिल गरेका थिए । त्यसै गरी प्रथम स्थान ल्याउन नसके पनि दुवै संकाय अन्तरगतका विभिन्न विद्यार्थीहरुले पनि उत्कृष्ट नतिजा ल्याई यस क्याम्पसको गरिमालाई उचो बनाउन सफल देखिएका छन् । क्याम्पसको यस गुणस्तर अभियानमा विश्व विद्यालय अनुदान आयोगवाट प्राप्त आर्थीक एवं प्राविधीक सहयोग सुझाव र निर्देशन

प्रति क्याम्पस सदैव आभारी रहदै गुणस्तर प्रत्यायन प्रकृया पुरा गर्न र गुणस्तर विकास एवं निरन्तरताका लागि दृढताका साथ उभिन्छ ।

जन चाहना अनुरुप क्याम्पसको सफल सञ्चालन गर्न यसको भौतिक पुर्वाधार विकास र विस्तारका निम्ति क्याम्पसले विभिन्न समयमा धार्मिक कार्यक्रमहरु गर्ने, स्थानिय, तथा अन्तरराष्ट्रिय स्तरका व्यक्ति तथा संघ सस्थाहरुवाट चन्दा सहयोग तथा अनुदानहरु प्राप्त गर्ने गरेको छ । यस सिलसिलामा क्याम्पसले विरेन्द्र आदर्श माध्यमिक विद्यालयवाट सुपथ मुल्यमा १० कट्ठा जग्गा खरिद गर्नु क्याम्पसको मुल भवन लगायत प्रशासनिक भवनको निर्माण गर्नु, फर्निचर तथा उपकरण खरिद, पुस्तक खरीद, क्याम्पस परिसरको व्यवस्थापन, घेरावार निर्माण, व्यवशायिक सटरहरुको निर्माण निर्माण आदी कार्यलाई महत्वपूर्ण उपलब्धिको रुपमा लिनु पर्दछ । यस कार्यका लागि महत्वपूर्ण भूमिका खेल्नुहुने सवै संघ सस्था, धार्मिक अभियान्ताहरु तथा सहयोगदाता एवं शुभचिन्तकहरु क्याम्पसको प्रशंसाको पात्र हुनुहन्छ र उहाँहरुलाई क्याम्पसले कहिल्यै विर्सिने छैन।

२. संस्थाको वर्तमान अवस्था

क) भौतिक अवस्था

स्थापना कालमा वीरेन्द्र आदर्श माध्यमिक विद्यालयको कक्षा कोठाहरु प्रयोग गर्न वाध्य यस क्याम्पसले स्थापनाको २८ वर्षको अवधिमा आफ्नै स्वामित्वको जग्गामा तीन तले आर. सी. सी. भवन वनाउन सफल भएको छ । भौतिक निर्माणमा यो सफतला प्राप्त गर्न सहयोग गर्ने सम्पुर्ण सहयोगी हातहरुलाई पुन एक पटक धन्यवाद दिदै संस्थाको वर्तमान भौतिक अवस्था यहाँहरु माझ प्रस्तुत गर्न चाहन्छौं ।

विवरण	क्षेत्रफल वा सङ्ख्या	कैफियत
जग्गा	२ बिघा १० कट्ठा	१० कट्ठा आफ्नै स्वामित्वमा र २ विघा, स्थाई भोगाधिकारमा रहेको
भवन	६ वटा	३ वटा कच्ची टहरा, १ वटा तीन तले पक्की भवन, १ वटा २ तले पक्कि भवन र १ वाटा निर्माणधिन पक्की भवन
कक्षा कोठा	२१ वटा	
प्रशाशनिक कोठा	९ वटा	कम्प्यटर ल्याव, पुस्तकालय, होटल ल्याब, भण्डार समेत
ल्याब	२ वटा	कम्प्युटर ल्याव एवम् होटल ल्याव
कम्प्युटर संख्या	२३	
पुस्तकालयमा पुस्तक संख्या	५५७२	७४३ सन्दर्भ पुस्तक समेत .
मल्टिडिया प्रोजेक्टर	२	प्राध्यापकद्वारा कक्षा कोठामा प्रयोग
सभा हल	१	टेवल ३०, कुर्चि ६० सभा हलमा रहेको
ए.सि.	४	सभा हलमा जडान भएको
हाजिरी मेसिन	१	स.क्याम्पस प्रमुखको कक्षामा

डेस्क वेन्च	२७०	कक्षा कोठामा
चमेना गृह	१	१कोठा चमेना गृह, ५ कोठा भाडामा
अन्य सामाग्री		प्रिन्टर थान -८, फोटोकपी थान-२, फ्याक्स मेसिन- १.

ख) अर्थिक अवस्था

विद्यार्थी शुल्कनै प्रमुख आम्दानीको स्रोत भएको यस क्याम्पसलाई विद्यार्थी भर्ना सख्यामा आएको उतारचढवसँगै विभिन्न आरोह अवरोहहरु नआएका होइनन् संस्थाको उद्देश्य र मूल मर्मलाई आत्मसात् गर्दै अगाडि वढ्दा आएका आर्थिक समस्याहरुमा स्थानीय अभिभावक, बुद्धिजीवी, चन्दादाता, एवम् अन्य सरकारी र गैरसरकारी संघ संस्थाहरुको सहयोगलाई मुक्त कण्ठले प्रशंसा गर्न चाहन्छौं । हाम्रो क्याम्पस सामुदायिक संस्था भएकाले मुनाफा आवश्यक नभए पनि संस्थाको जीवन्तताका लागि आवश्यक आर्थिक स्रोत परिचालन विद्यार्थी अभिभावकद्वारा नै गर्न पर्ने यर्थाथतालाई तपाईंहरु माफ्र स्मरण गराउन चाहन्छौं।

विगतका वर्षहरुमा अधिकांश सञ्चालन घाटामा सञ्चालित यस संस्थाको दायित्व अलिक धेरै भए पनि संस्थाको सामाजिक सम्बन्ध, भौतिक पूर्वाधार र भविष्यका सम्भावनाहरुलाई हेर्दा यसलाई सामान्य मान्न सकिन्छ । गत वर्षको आर्थिक विवरण निम्नअनुसार प्रस्तुत गएिको छ । :

आम्दानी तथा खर्च विवरण

आ. व. २०७९/०८०

विवरण	टिप्पणी	चालु आ.व.रु.
शिक्षण शुल्क आम्दानी	१६	१८,७१४,३९०.०२
सञ्चालन आम्दानी	१७	१,३२२,५३०.००
सञ्चालन अनुदान आम्दानी	१८	१,६८४,०००.००
विविध आम्दानी	१९	३७५,३५१.००
जम्मा आम्दानी		२२,०९६,२७१.०२
शैक्षिक खर्च	२०	२,४३८,९१५.००
कार्यालय सञ्चालन खर्च	२१	७३६,७२३.००
कर्मचारी खर्च	२२	१७,४३३,२१९.७०
विविध खर्च	२३	२३९,९८५.००
वित्तीय खर्च	२४	१२३,०८०.००
मर्मत सुधार खर्च	२५	१०६,६६५.००
ह्रास खर्च	२६	१,०४७,२४४.३०
जम्मा खर्च		२२,१२५,८३२.००
कर अघिको खुद बचत/(खर्च बढी)		(२९,५६०.९८)

आयकर खर्च		
यस वर्षको कर व्यवस्था	२७	-
विगत वर्षसम्मको कर व्यवस्था		-
यस वर्षको स्थगन कर (आम्दानी)/खर्च	१३	२३८,९१९.९९
खुद बचत/(खर्च बढी)		(२६८,४८०.९८)

ग) शैक्षिक अवस्था

स्थापना कालमा सप्तगण्डकी बहुमुखी क्याम्पसको विस्तार कार्यक्रम अन्तरगत प्रवीणता प्रमाणपत्र तहका शिक्षाशास्त्र, व्यवस्थापन तथा मानविकी सङ्कायका कक्षाहरु सञ्चालन गरेको यस क्याम्पसले २०५३ सालदेखि त्रि. वि. वाट सम्बन्धन लिई शिक्षाशास्त्रको तिन हर्षे स्नातक तह, २०५९ साल देखि सोही विश्वविद्यालयवाट व्यवस्थापन सङ्कायको तिन वर्षे स्नातक तह तथा. २०७१ साल देखि व्यवस्थापन सङ्कायको स्नातकोत्तर तहको कक्षा सञ्चालन गर्दै आएको छ। त्यसैगरी स्नातक तथा स्नातकोत्तर तहमा त्रि. वि. को कार्यक्रम अनुसारनै तीन वर्षे कार्यक्रमलाई चार वर्षे कार्यक्रममा रुपान्तरण गर्ने काम पनि समयमै गरिएको छ।

विगतका केही वर्षदेखि यस क्षेत्रका विद्यार्थीहरुको विदेश मोह क्रमिक रुपमा बढ्दै गएको र छिमेकमा हाम्रो प्रकृतिका समानान्तर शैक्षिक संस्थाहरु प्रशस्त खुलेकाले विद्यार्थी भर्ना र स्नातक तथा स्नातकोत्तरहरुको सङ्ख्या क्रमिक रुपमा घटेको तितो यथार्थता स्विकार्दै आगामी वर्षहरुमा विद्यार्थी भर्ना सङ्ख्या एवम् नतिजा सुधार गर्ने प्रण गर्दै पछिल्ला तिन वर्षहरुमा भएको विद्यार्थी भर्ना तथा नतिजा विवरण यहाँहरुविच प्रस्तुत गर्न चाहन्छु।

विद्यार्थी भर्ना विवरण :

तह/कक्षा	२०७७/२०७८	२०७८/२०७९	२०७९/२०८०
कक्षा ११	१७०	१४१	९२
कक्षा १२	२१४	१४४	१३२
वि.वि.एस प्रथम वर्ष	७३	५९	४४
वि.एड प्रथम वर्ष	५५	३६	१७
वि.वि.एस दोस्रो वर्ष	४२	६५	५१
वि.एड दोस्रो वर्ष	३१	४३	३४
वि.वि.एस तेस्रो वर्ष	२२	३४	५१
वि.एड तेस्रो वर्ष	१३	२५	३८
वि.वि.एस चौथो वर्ष	३८	१७	२३
वि.एड चौथो वर्ष	१०	८	१८
एम.वि.एस. प्रथम से.	११	२	७
एम.वि.एस. दोस्रो से.	११	२	७
एम.वि.एस. तेस्रो से.	१०	११	२
एम.वि.एस. चौथो से.	१०	११	२
जम्मा विद्यार्थी	७१०	५९८	५१८

नतिजा विवरण :

तह/कक्षा	२०७६/२०७७		२०७७/२०७८		२०७८/२०७९	
	सहभागि	उत्तिर्ण	सहभागि	उत्तिर्ण	सहभागि	उत्तिर्ण
कक्षा ११	१२७	८०	१७०	१२४	१०९	९२
कक्षा १२	२१७	७८	२१४	१२०	१२५	५६
वि.वि.एस प्रथम वर्ष	५६	१२	७२	३	५९	४
वि.एड प्रथम वर्ष	२६	४	५५	०	२८	०
वि.वि.एस दोस्रो वर्ष	२८	११	४०	८	२४	५
वि.एड दोस्रो वर्ष	१६	७	१८	३	३३	५
वि.वि.एस तेस्रो वर्ष	३९	१४	२२	९	२९	८
वि.एड तेस्रो वर्ष	९	४	१४	८	१९	१
वि.वि.एस चौथो वर्ष	३२	५	३८	१७	२०	१४
वि.एड चौथो वर्ष	१०	३	९	३	१४	५
एम.वि.एस. प्रथम से.	१०	६	११	७	१०	८
एम.वि.एस. दोस्रो से.	१०	५	११	४	१०	४
एम.वि.एस. तेस्रो से.	११	४	१०	६	११	५
एम.वि.एस. चौथो से.	२	०	०	१	२	१
जम्मा	५९३	२३२	६८४	३१३	४९३	२०८

घ) प्रशासनिक अवस्था

पारदर्शिता, र चुस्ततालाई प्रशासनको मूल . मन्त्र मान्दै यस संस्थाले स्थापना कालदेखि नै कार्य गर्दै आइरहेको वेहोरा प्रस्तुत गर्न चाहन्छौं । असल आचरण अनुशासन कुसल कार्य सम्पादन लगनशीलता कामप्रतिको समर्पण आदिलाई पुरस्कृत गर्ने यस सस्थाको संञ्चालनको सिद्धान्त रहेको छ । आजको प्रतिस्पर्धात्मक युगमा संस्थालाई समयानुकुल वनाई गुणस्तरीयता प्रदान गर्न र क्याम्पस व्यवस्थापनलाई अझ बढी समावेशी वनाउन यस क्याम्पसको विधान २०५३ लाई केही संशोधन र परिमार्जन गर्न वान्छनीय देखिएकाले नेपाल पब्लिक क्याम्पस सङ्घवाट पारित विधान अनुरुप हुने गरी हामीले पनि संशोधित विधान २०७० तयार गरी लागु गरिएको छ । संशोधित विधान अनुसार यस क्याम्पसले निम्न अनुसारको प्रशासनिक संरचनाले कार्य गर्दै आइरहेको छ।

१. क्याम्पस सभा
२. क्याम्पस सञ्चालक समिति तथा यसका उप समितिहरु
३. क्याम्पस प्रमुख
४ सहायक क्याम्पस प्रमुख .
५. कार्यक्रम प्रमुख
६. विभागहरु तथा विभागीय प्रमुखहरु
७. शोध तथा अनुसन्धान प्रमुख तथा समिति
८. आन्तरीक परीक्षा समिति
९ सूचना प्रविधि शाखा
१०. लेखा शाखा
११. पुस्तकालय शाखा
१२. प्रसासन तथा भण्डारण

उपर्युक्त साङ्गठनिक संरचनाहरुको सक्रिय सहभागितामा प्राध्यापक एवम् कर्मचारीहरुको सङ्ख्यामा उल्लेख्य कमी आए तापनि Computer एवम् Software को सहयोगमा प्रसासनिक कार्यहरुलाई अझ वढी प्रभावकारी बनाउने प्रयत्न गरिएको छ । Computer Lab को स्तरोन्नति र पुस्तकालय, लेखा, परीक्षा एवम् EMIS मा Software installation गर्ने कार्यलाई क्याम्पसको महत्त्वपूर्ण प्रशासनिक उपलब्धिका रुपमा लिन सकिन्छ ।

३) अवसर र चुनौतीहरु

क्याम्पसको वर्तमान अवस्थालाई मूल्याङ्कन गर्दा निम्न अनुसारका अवसर र चुनौतीहरु पहिचान गर्न सकिन्छ।

क. अवसरहरु

१. Uneriversity Grand Commission ले निश्चित सङ्ख्यामा सामुदायिक क्याम्पसहरुलाई पहिचान गरी QAA Cirtificate प्रदान गर्ने कार्यक्रम ल्याएको र यस.कार्यका लागि हाम्रो क्याम्पस समेत छनौट भइ SSR स्वीकृत भई PRT समेत गठन भएको कुरालाइ महत्वपुर्ण अवसरको रुपमा लिएका छौं । यस प्रकृयालाइ सम्पन्न गरी QAA Cirtificate लिन सके क्याम्पसलाई शैक्षिक एवंम आर्थिक लाभ प्राप्त हुनेछ ।

२. यो क्याम्पस राप्ती नगरपालिकाको उच्च शिक्षा प्रदान गर्ने सामुदायिक संस्था भएकाले यसलाई पनि संस्थाले महत्त्वपूर्ण अवसरका रुपमा लिन् पर्दछ । नगरपालिका, प्रदेश सरकार र संघिय सरकारवाट यस सस्थालाई निरन्तर सहयोग प्राप्त हुन सक्छ ।

३. देशको वर्तमान राजनीतिक अवस्था गुणस्तरीय शिक्षाको पक्षमा भएको र राजनीतिक स्थिरताले गर्दा वन्द हड़ताल जस्ता क्रियाकलापहरु कम हुँदै जाने हुँदा शैक्षिक कार्यक्रमहरू विनाअवरोध सञ्चालन गर्न सकिने अवस्थालाई समेत महत्वपूर्ण अवसरको रुपमा लिनु पर्दछ।

४. यस क्याम्पसको कार्य क्षेत्रमा रहेका Private campus हरुको शुल्क महङ्गो भएतापनि तुलनात्मक रुपमा हाम्रा शैक्षिक कार्यक्रमहरु सर्वसुलभ र गुण्स्तरिय भएकोले विद्यार्थीहरुको रोजाइमा पर्नेकुरा यस संस्थाको अवसरको रुपमा रहेको छ ।

५. यो क्याम्पस एक सामुदायिक संस्था भएकाले र यस संस्थासँग भएको सामुदयिक सम्वन्ध एउटा महत्त्वपूर्ण सम्पत्ति हो । सामाजिक रुपमा शैक्षिक चेतनामा आएको वृद्धिलाई यस संस्थाले अवसरका रुपमा लिन सक्नु पर्दछ ।

ख. चुनौतीहरु

१. विद्यार्थीहरुमा विदेश जाने प्रवृत्ति बढ्दो रुपमा भएकाले विद्यार्थी सङ्ख्यामा क्रमश: कमी आउँदै जाने चुनौती हाम्रो जस्ता क्याम्पसले सामना गर्नु परेको छ।

२. संस्था आर्थिक रुपमा कमजोर भएकाले शैक्षिक गुणस्तर वृद्धि गर्न आवश्यक विभिन्न कार्यक्रमहरु अवलम्वन गर्न पछाडि पर्नु पर्ने चुनौती क्याम्पससग छ। ..

३. यस क्याम्पसको कार्य क्षेत्रमा Private collage हरु स्थापना भएका र तिनीहरुको उद्देश्य एवम् प्रकृति हाम्रो संस्थासँग पूर्ण रुपमा भिन्न भए पनि यी संस्थाहरुसँग प्रतिस्पर्धा गर्नु हाम्रो संस्थाका लागि महत्त्वपूर्ण चुनौती रहेको छ।

४..UGC द्वारा कार्यान्वयन गर्न खोजिएको QAA Process अन्तर्गत SSR स्वीकृत भइ PRT गठन भइसकेको अवस्थामा पनि यसलाई कार्यान्वयन गर्न संस्थासँग आवश्यक साधन स्रोतको अभाव चुनौतीको रुपमा रहेको छ ।

४. आ. व. २०८०/०८१ का योजनाहरु

ऐतिहासिक पृष्ठभूमि, संस्थाको वर्तमान अवस्था एवम् यसका अवसर चुनौतीहरुलाई मध्यनजर गर्दा संस्थाले भविष्यमा थुप्रै शैक्षिक, सामाजिक, भौतिक, आर्थिक एवम् प्रशासनिक सुधारहरु गर्नुपर्ने देखिन्छ। यस संस्थाले भविष्यमा अवलम्वन गर्नुपर्ने कार्य योजनाहरु निम्न अनुसारं छोटकरीमा प्रस्तुत गर्न चाहन्छौं।..

१. गुणस्तर नै संस्था सञ्चालनको प्रमुख आधार भएकाले University Grants Commission ले सबै सामुदायिक एवम् निजी क्याम्पसहरुलाई QAA Certificate प्रदान गर्ने कार्यक्रम ल्याएको यस कुरालाई अवसरको रुपमा लिई यथासिघ्र QAA Certificate प्राप्त गर्नु पर्ने देखिन्छ ।

२.हालसम्म यस क्याम्पसले BBS, B. Ed. जस्ता वार्षिक सामान्य कार्यक्रमहरु मात्र सञ्चालन गरेको छ तर आम विद्यार्थी अभिभावकहरुवाट Semester Based Technical program माग भई आएकाले आगामी दिनमा त्रिभुवन विश्वविद्यलयवाट सम्बन्धन लिई BBA, BCA & BHM, B.Sc., B. E. जस्ता Semester base technical कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ।

३.यस क्याम्पसलाई अनुसन्धान केन्द्रको रुपमा विकास गर्न Research Management Cell -RMC गठन भैसकेको छ र यस Cell लाई साधन स्रोत उपलव्ध गराई उदेश्य परिपुर्तिकालागि क्रियासिल गराईनेछ ।

५. क्याम्पसले हालसम्म पाठ्यक्रममा उल्लिखित क्रियाकलापमा मात्र जोड दिई रहेको वास्तविकतालाई स्वीकार्दै आगामी दिनमा विद्यार्थीहरुको सर्वाङ्गीण विकासका निम्ति इन डोर तथा आउट डोर खेल मैदानको निर्माण गरिने छ।

६.हालसम्म क्याम्पसको प्रमुख आयस्रोत विद्यार्थी आम्दानी मात्र भएको र यस क्षेत्रका विद्यार्थीहरुको आर्थिक अवस्था त्यति मजवुत नभएको यथार्थतालाई आत्मसात् गरी क्याम्पसले विद्यार्थी आम्दानीका अतिरिक्त अन्य नियमित आम्दानीका श्रोतहरु पहिचान गरी तिनिहरुको सदुपयोग गर्नुपर्ने देखिन्छ । यसकालागि क्याम्पसका प्रवेश द्धार भन्दा उत्तर तर्फ व्यवसायिक भवन निर्माण गरी नियमित आम्दनीको श्रोत सुनिच्चित गरिनेछ ।

७.शिक्षण विधिलाई आधुनिकीरण र अझ बढी प्रभावकारी बनाउन प्रत्येक कक्षा कोठामा सी सी क्यामेरा तथा प्रोजेक्टर जडान गर्नु पर्ने आवश्यकता महसुस भएको छ । .

८.क्याम्पसमा हाल विद्यमान पुस्तकालय सुविधा पर्याप्त नभएको महसुस गरी क्याम्पसको अग्रभागमा निर्माण भएको भवनको माथिल्लो तलाको निर्माण सम्पन्न गरी प्रयाप्त पुस्तकको व्यवस्था गरी सुविधा सम्पन्न अध्ययन कक्ष सहितको पुस्ताकालय को विस्तार गरिनेछ ।

९.क्याम्पसमा कार्यरत प्राध्यापक एवम् कर्मचारीहरुको क्षमता अविबृद्धि गरी नतिजा सुधार गर्न आवश्यक पहल कदमी गरिने छ।

१०. क्याम्पसमा हालसालै गठन गरिएका विभागहरु साधन स्रोतको अभावमा सक्रिय हुन नसकी अशातित शैक्षिक उपलब्धि हासिल गर्न नसकिएको यथार्थतालाइ मनन गरी निकट भविष्यमा यी सबै विभागहरुलाई साधन स्रोत सम्पन्न गराइने छ।

४. निष्कर्ष

अनेकौ चुनौती र समस्याहरु सामना गर्दै वर्तमान अवस्थासम्म आइपुगेको यस क्याम्पस समस्यामुक्त भने . छैन । यति हुँदाहुँदै पनि यसको सुनौलो भविष्यका सम्भावनाहरु प्रशस्तै छन् । मूलत: विद्यार्थी भर्ना कार्यक्रममा व्यापक प्रसार प्रचार, शैक्षिक नतिजामा अभिवृद्धि, समयको माग अनुसारको शिक्षा प्रदान गरी अभिभावक तथा विद्यार्थीहरुको मागलाई पुरा गर्न सकेमा संस्थाको भविष्य उज्ज्वल छ । संस्थाको सम्पूर्ण साधन स्रोत, संरचना र शक्ति यसै दिशामा क्रियाशील हुनु पर्ने यथार्थता यहाँहरुविच राख्न चाहान्छु ।

अन्तमा यस गमिामय सञ्चालक समिति वैठक, हुन गईरहेको ञ्क्याम्पस सभामा उपस्थित भइ यसलाई सफल बनाउन सहयोग गर्नुहुने प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथिगण, सभासदहरु लगायत संचालक समितिका अध्यक्ष लगायत सदस्यज्युहरु प्राध्यापक एवं कर्मचारीहरु तथा विद्यार्थीहरु एवम अविभावकहरुमा हार्दिक आभार व्यक्त गर्दै विदा हुन चाहन्छु।

धन्यवाद

जन आदर्श बहुमुखि क्याम्पस

राप्ती नगरपालिका चितवन

आ. व. २०८०/०८१ को कक्षागत कार्यभार विवरण

Class Wise Work load Analysis(Morning Shift)			
S. N.	Class	Daily Period Load	Remarks
1	Class 11 (Mgmt+ Edu)	10	
2	Class 12 Mgmt	6	
3	Class 12 Edu	7	
4	BBS 1st	7	
5	BBS 2nd	7	
6	BBS 3rd	8	
7	BBs 4th	5	
8	MBS 1st	5	
9	MBS 2nd	5	
10	MBS 2nd	5	
11	MBS 3rd	5	
12	B. Ed. 1st	8	
13	B. Ed. 2nd	7	
14	B. Ed. 3rd	8	
15	B. Ed. 4th	6	
	Total	99	

Class Wise Work load Analysis (Day Shift)			
1	Class 11	8	
2	Class 12	12	
	Total	20	

Work Load Covered by full time teachers	52
Work load covered by Extra (Morning Shift)	47
Work load covered by Extra (Day Shift)	20

जन आदर्श बहुमुखि क्याम्पस

राप्ती नगरपालिका चितवन

आ. व. २०८०/०८१ को तलव विवरण

Teacher's & Staff's Salary						
S. N.	Name of the Teacher	B. Salary	Total Grade	D. Allow	P. F. Addition	Total Salary
1	Khimananda Aryal	48737	13000	61737	6173.7	67910.7
2	Gokul Silwal	48737	0	48737	0	48737
3	Sagar Paudel	43689	0	43689	0	43689
4	Dhurba Prasad Adhikari	48737	13000	61737	6173.7	67910.7
5	Bishnu Prasad Sapkota	48737	13000	61737	6173.7	67910.7
6	Ram Nath Pathak	48737	0	48737	0	48737
7	Bhawani Prasad Timilsina	48737	0	48737	0	48737
8	Hem prasad Kandel	16245	0	16245	0	16245
9	Prem Kumar Kandel	48737	0	48737	0	48737
10	Nabin Khanal	43689	1456	45145	4514.5	49659.5
11	Tulasi Sapkota	43689	1456	45145	4514.5	49659.5
12	Chandra K. C.	43689	0	43689	0	43689
13	Ujjal Prajapati	43689	0	43689	0	43689
14	Aarjun Chaudhary	43689	0	43689	0	43689
15	Kamal Raj Pathak	14563	0	14563	0	14563
16	Shankar Ghimire	29126	0	29126	0	29126
17	Krishna Kandel	29126	0	29126	0	29126
18	Bhoj Raj Tiwari	29126	0	29126	0	29126
19	Sunita Dharel	29126	0	29126	0	29126
20	Sadhu Ram Danai	29126	0	29126	0	29126
21	Apsara Panta	14563	0	14563	0	14563
22	Sundar Mainali	14563	0	14563	0	14563
23	Laxmi Uprety	29126	0	29126	0	29126
24	Resham Kumar KC	34730	9264	43994	4399.4	48393.4
25	Nama Raj Sedhai	34730	0	34730	0	34730
26	Tika Ram Ghale	34730	0	34730	0	34730
27	Tok Nath Adhikari	24702	823	25525	2552.5	28077.5
28	Dhal Bahadur Lama	24702	0	24702	0	24702
29	Ujjal Prasad Mahato	24702	0	24702	0	24702
	Total	1016279	51999	1068278	34502	1102780

जन आदर्श बहुमुखि क्याम्पस

राप्ती नगरपालिका चितवन

आ. व. २०८०/०८१ को अनुमानित विद्यार्थी आम्दानी विवरण

Class	No. Of Stu.	Adm. Fee	Monthly Fee	Exm Fee	Reg. Fee	Int.Exam	Tu Char.	Total
Class 11 (Mgmt+ Edu)	70	441000	1171800	49000	42000	105000	0	1808800
Class 12 Mgmt	42	252000	703080	29400	0	63000	0	1047480
Class 12 Edu	92	552000	1540080	64400	0	138000	0	2294480
BBS 1st	80	600000	1670400	72000	64000	120000	40000	2566400
BBS 2nd	71	497000	1482480	63900	0	106500	35500	2185380
BBS 3rd	24	168000	501120	21600	0	36000	12000	738720
BBs 4th	30	210000	626400	27000	0	45000	15000	923400
MBS 1st	12	156000	288000	24000	0	18000	8400	494400
MBS 2nd	9	117000	216000	18000	0	13500	6300	370800
MBS 2nd	11	143000	264000	22000	0	16500	7700	453200
MBS 3rd	9	117000	216000	18000	0	13500	6300	370800
B. Ed. 1st	40	300000	835200	36000	32000	60000	20000	1283200
B. Ed. 2nd	28	196000	584640	25200	0	42000	14000	861840
B. Ed. 3rd	35	245000	730800	31500	0	52500	17500	1077300
B. Ed. 4th	19	133000	396720	17100	0	28500	9500	584820
Class 11 (Day shift)	32	457600	844800	22400	19200	48000	0	1392000
Class 12 (Day Shift)	66	924000	1742400	46200	0	99000	0	2811600
Total	670	5508600	13813920	587700	157200	1005000	192200	21264620

जन आदर्श बहुमुखि क्याम्पस

राप्ती नगरपालिका चितवन

आ. व. २०८०/०८१ को अनुमानित आय व्यय विवरण

संञ्चालन आम्दानी तथा खर्च विवरण			
आम्दानी शिर्षक	रकम	खर्च शिर्षक	रकम
भर्ना शुल्क	५५०८६००	प्राध्यापक कमृचारी तलब खर्च	१३२३३३६०
मासिक शुल्क	१३८१३९२०	अतिरिक्त पारिश्रमिक (विहानी)	२११५०००
अन्तिम परीक्षा शुल्क	५८७७००	अतिरिक्त पारिश्रमिक (दिवा)	२६४००००
दर्ता शुल्क	१५७२००	दशै पेश्कि	१०६८२७८
आन्तरिक परीक्षा शुल्क	१००५०००	भत्ता खर्च	६२४५१५
त्रि.वि.सेवा शुल्क	१९२२००	छात्रवृत्ति खर्च	१३८१३९२
चारित्रिक प्रमाणपत्र शुल्क	४२२५००	शैक्षिक भ्रमण खर्च	२५०००
टाई	३००००	परीक्षा दस्तुर खर्च	४७००००
सटर भाडा	९६००००	अभ्यास शिक्षण खर्च	२००००
अभ्यास शिक्षण शुल्क	५७०००	दर्ता शुल्क	११३०००
होटल तथा कम्प्युटर ल्याब आम्दानी	४७०४००	आन्तरिक परीक्षा खर्च	३५००००
प्रयोगात्मा परीक्षा शुल्क	८४८००	प्रयोगात्मक परीक्षा	६००००
सिफारिस शुल्क	१६५०००	मसलन्द खर्च	५००००
अनुसन्धान शुल्क	२३४५००	छपाई खर्च	८००००
परीक्षा केन्द्र सञ्चालन आम्दानी	१५००००	संञ्चार खर्च	४००००
बैंक ब्याज आम्दानी	५०००	अतिथि सत्कार खर्च	१२००००
पुस्तकालय धरौटी	८००००	पत्रपत्रिका खर्च	१००००
विविध आम्दानी	५००००	भर्ना अभियान खर्च	२९०००
विश्व विद्यालय संञ्चालन अनुदान	१५०००००	खानेपानी महसुल खर्च	१९२००
		पुस्तकालय धरौटी फिर्ता	६५०००
		ब्याज खर्च	१०००००
		मर्मत सम्भार खर्च	१२००००
		इन्धन खर्च	१००००
		सामाजिक संस्कार खर्च	१००००
		सामाजिक विकास खर्च (चन्दा)	५००००
		सम्बन्धन खर्च	१६००००
		लेखापरिक्षण खर्च	४००००
		विद्युत महसुल तथा विस्तार खर्च	९००००
		शैक्षिक तथ्यांङक व्यवस्थापन खर्च	२६००००
		होटल तथा कम्प्युटर ल्याब खर्च	१५००००
		शैक्षिक सामाग्रि खर्च	२५०००
		अनुसन्धान खर्च	३०००००
		नखप्ने समान खर्च	१००००
		परीक्षा केन्द्र संञ्चालन खर्च	१०००००
		सरसफाई खर्च	८५०००
		खेलकुद तथा अतिरिक्त क्रियाकलाप	३००००

जन आदर्श बहुमुखि क्याम्पस

राप्ती नगरपालिका चितवन

आ. व. २०८०/०८१ को अनुमानित आय व्यय विवरण

संन्चालन आम्दानी तथा खर्च विवरण			
		सभा समारोह खर्च	२००००
		क्यु ए ए सर्टिफिकेसन खर्च	५०००००
		संञ्चालन बचत	९०००७५
जम्मा	२५४७३८२०		२५४७३८२०

जन आदर्श बहुमुखि क्याम्पस

राप्ती नगरपालिका चितवन

आ. व. २०८०/०८१ को अनुमानित पुजिगत आय व्यय विवरण

पुजिगत आम्दानी तथा खर्च विवरण			
आम्दानी शिर्षक	रकम	खर्च शिर्षक	रकम
जिल्ला समन्वय अनुदान	१५०००००	निमार्णधिन सटर फिनिसिङ	१५०००००
विश्व विद्यालय अनुदान आयोग	२००००००	मुल भवनमा ग्रेनाइट लगाउने	२५०००००
सामुदायिक क्याम्पस सबलिकरण	२५०००००	डिपाटमेन्टका अफिस निर्माण	१००००००
राप्ती नगरपालिका अनुदान	१५०००००	सालिक सम्म जाने बाटो र सालिक निर्माण	१००००००
		पुस्तकालय निर्माण तथा पुस्तक खरीद	१००००००
		जेनेरेटर खरिद	५०००००
जम्मा	७५०००००	जम्मा	७५०००००